नबी (सल्लल्लाहु अलैहि वसल्लम)ले सूरहको अन्त्य र शुरुआत तबसम्म थाहा पाउनु भएन, जबसम्म उहाँमाथि 'बिसमिल्लाहिर रहमानिर रहीम' अवतरण भएन।

अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, "नबी (सल्लल्लाहु अलैहि वसल्लम)ले सूरहको अन्त्य र शुरुआत तबसम्म थाहा पाउनु भएन, जबसम्म उहाँमाथि 'बिसमिल्लाहिर रहमानिर रहीम' अवतरण भएन।" [सही] [अबू दाऊदले वर्णन गरेका छन्]

अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अनहुमा)ले स्पष्ट पारेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) माथि कुर्आनका सूरहहरू अवतरित गरिन्थ्यो, तर उहाँलाई एउटा सूरहको अन्त्य र अर्को सूरहको शुरुआत भएको थाहा हुँदैनथ्यो, जबसम्म उहाँमाथि 'बिसमिल्लाहिर रहमानिर रहीम' अवतरण भएको थिएन। त्यस अवतरण पछि उहाँलाई अघिल्लो सूरह सकिएको र नयाँ सूरह शुरु भएको थाहा हुन थाल्यो।"

http://sunnah.global/hadeeth/ne/show/65051